आ.व. २०७४/०७५ को २३ औं बैठक

आज मिति २०७५ साल अषाढ १५ गते शनिवार राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

## बैठकका प्रस्तावहरु

१. संघ संस्था दर्ता विधेयक सम्वन्धमा ।

२. कृषि व्यवसाय प्रवर्द्धन विधेयक सम्वन्धमा ।

३. न्यायिक समिति (कार्यविधि सम्वन्धी) विधेयक सम्वन्धमा ।

४. विविध विषयका सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा राप्ती गाउँपालिकाको संघ संस्था दर्ता विधेयक,२०७५ लाई पारित गर्नका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो । .

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा राप्ती गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन विधेयक,२०७५ लाई पारित गर्नका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा राप्ती गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धी) विधेयक,२०७५ लाई पारित गर्नका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको क्षेत्रभित्रको जग्गा आगामी आ.व.०७५/०७६ को लागि मूल्यांकन गर्दा साविक वमोजिम हुने गरी निर्णय गर्न मालपोत कार्यालय लमही, दाङलाई अनुरोध गर्ने

साथै यस आ.व.मा भुक्तानी दिनुपर्ने विभिन्न विषय र शिर्षकको सम्वन्धमा देहाय अनुसार निर्देशन दिने र देहायका योजना तथा कार्यक्रमलाई देहया अनुसार संशोधन गर्ने निर्णय गरियो ।

**परिवर्तनका लागि गाउँसभामा पठाउने योजनाहरु :**

क) लैंगिक समानता तथा समावेशिकरण तर्फको वडा नं.७ को बुटिक कढाई तालिमलाई ढकिया बुनाई तालिममा परिवर्तन गर्ने ।

ख) वडा नं.९ को कृषि तालिमलाई फलफुलको वेर्ना वितरण कार्यक्रममा परिवर्तन गर्ने ।

ग) महिला मानव अधिकार रक्षक सञ्जालले गरेको कार्यक्रमको भुक्तानी निजहरुको माग अनुसार समरेखा म्यागजिनको बैंक खाता मार्फत भुक्तानी गरिदिने ।

घ) वडा नं.१को कार्यालयबाट सम्झौता भएको राप्ती तटको ट्राफिक चोक देखिको बाटो स्तरोन्तीका लागि सम्पुरक कोषमा बाँकी रकमबाट रु. ५,००,०००।–भुक्तानी गर्ने ।

ङ) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता लमहीको लागि सूर्यविनायक मा.वि.बाट पेश भएको बिल वमोजिमको रकम रु.२५,०००।- मानव संशाधन कोषबाट व्यहोर्ने गरी भुक्तानी दिने ।

च) चालु आ.व.मा महिला सशक्तिकरण तर्फ अत्यन्त न्युन कार्यक्रम सञ्चालन भएकाले महिला तथा बालवालिका कोषबाट खर्च गर्ने गरी भृकुटी महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. र श्री लक्ष्मी महिला विकास बचत तथा ऋण सहकारी संस्था लि.प्रत्येकलाई पेश भएको कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गर्न रु.३०/३० हजारका दरले खर्च गर्ने गरी कार्यक्रम सञ्चालन खर्च दिने ।

छ) कानूनी सल्लाहकारलाई यस गा.पा.मा आउँदा जाँदा नेपाल सरकारको रा.प.तृतिय श्रेणीले प्राप्त गर्ने बराबरको दै.भ्र.भत्ता उपलव्ध गरउने ।

ज) पाले श्री शिवलाल सुवेदी कार्यालय कामको शिलशिलामा घाईते भई उपचार गर्दा लागेको बिल वमोजिमको रकम रु.५,८२५।-सम्वन्धित कोषबाट भुक्तानी दिने ।

झ) विगतमा गाउँपालिकाले निर्णय गरे वमोजिमको यातायात खर्च मेलमिलाप कार्यकर्तालाई प्रदाान गर्ने ।

ञ) यस गाउँपालिकाको एकमात्र क्याम्पस ऐरावती बहुमुखी क्याम्पस सञ्चालनमा देखिएको आर्थिक अभावलाई तत्कालका लागि समाधान गर्न रु.५,००,०००।-सञ्चालन अनुदान दिने र सो रकम सम्पुरक कोषमा बाँकी रहेको बजेटबाट भुक्तानी दिने ।

ट) भुल्के र कटेशनालामाा निर्माणाधिन ट्रस ब्रिजमा गाउँपालिकाले सम्झौता वमोजिम वेहोर्नु पर्ने रकम सम्पुरक कोषमा विनियोजित रकमबाट खर्च गर्ने ।

ठ) भालुवङ बजार पछाडी ठाडोखोला तटवन्धन योजनाको लागि विपद व्यवस्थापन कोषम विनियोजित रकमबाट भुक्तानी दिने ।

ड) राप्ती गाउँपालिका वडा नं.२ को आदर्श मा.वि.लालमटियाको आ.व. ०७३/०७४ को नि.मा.वि.शिक्षक तलव भुक्तानी बाँकी कच्चेवारीको रकम जिल्ला शिक्षा कार्यालय दाङको प्रमाणीत कागजातका आधारमा शिक्षा तर्फ सशर्तको तलव बजेटबाट भुक्तानी दिने ।

ढ) आरन सुधार कार्यक्रमको लागि रु.८२,७००।- र अपाङ्गहरुलाई सहयोग सामाग्री वितरणको लागि रु.५०,०००।- रकम भुकम्प प्रतिरोधी भवन निर्माण डकर्मी तालिमको लागि विनियोजन भएको रकमबाट भुक्तानी दिने ।

ण) मिति २०७५/०३/०१ को गाउँ शिक्षा समितिको सिफासि समेतका आधारमा सर्वोदय मा.वि.सिसहनियामा प्राविधिकधारको कक्षा ११ सञ्चालनको अनुमति प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।